


# यू.एम.एन. वार्षिक प्रतिवेदन, डोटी
## २०७८/२०७९

यूनाईटेड मिसन टु नेपाल
UMN

**रूपान्तरित नेपाली समाजमा सबैलाई प्रशस्तताको जीवन**




**रमेश थिङ्ग**
क्लष्टर टीम लिडर
डोटी क्लष्टर

यूनाईटेड मिसन टु नेपाल सन् १९५४ देखि नेपालमा रहेर शिक्षा, स्वास्थ्य, ऊर्जा तथा सामुदायिक विकासका क्षेत्रमा कार्यरत एक अन्तर्राष्ट्रिय गैर-सरकारी संस्था हो । यस संस्थाले डोटी जिल्लामा वि.सं. २०६५ साल देखि सामुदायिक विकासका लागि विभिन्न परियोजनाहरू सञ्चालन गर्दै आइरहेको छ । नेपालमा भएको राजनैतिक परिवर्तनसँगै यू.एम.एन. डोटी क्लष्टरले साविकका गाउँ विकास समितिहरूबाट परियोजनाहरूको बहिर्गमन गर्दै हाल बोगटान फुडसिल र बडीकेदार गाउँपालिकामा आफ्ना परियोजनाहरू केन्द्रित गरेको छ । जसअनुसार सन् २०२० देखि २०२५ सम्मका लागि डोटी क्लष्टरले रणनीतिक योजना तर्जुमा गरी बोगटान फुडसिल र बडीकेदार गाउँपालिकामा शिक्षा, स्वास्थ्य, जीविकोपार्जन, जलवायु परिवर्तन, अपाङ्गता पुनर्स्थापना, संरक्षण तथा सुशासन सम्बन्धि विभिन्न परियोजनाहरू सञ्चालन गर्दै आएको छ । त्यसैगरी जोरायल गाउँपालिकामा सञ्चालित समुदायमा आधारित पुनर्स्थापना मार्फत समावेशी विकास परियोजना मिति २०७९ असारमा समापन गरी गाउँपालिकाबाट बहिर्गमन भएको छ । यस प्रतिवेदनमा आ.व. २०७८/७९ मा यू.एम.एन. डोटी र साझेदार संस्थाहरू ग्रामिण समुदाय विकास केन्द्र (आर.सी.डी.सी.), अपाङ्ग सेवा संघ र समान पहुँच विकास केन्द्र (सिड) नेपालद्वारा सञ्चालन गरिएका परियोजनाहरूको प्रगति विवरण समेटिएको छ ।




यू.एम.एन.लाई विगतदेखि हालसम्म सामुदायिक बिकासका क्षेत्रमा हातेमालो गर्दै काम गर्नको लागि उचित वातावरण दिई समन्वय, सहकार्य र सहयोग गर्नुहुने स्थानीय तह, सरकारी निकाय, गैरसरकारी संस्थाहरु तथा सम्पूर्ण सरोकारवालाहरुप्रति हामी आभारी छौं ।






## सक्षम परियोजना:

**परियोजनाको लक्ष्य:** अति विपन्न समुदायलाई न्याय र समतामूलक सेवा प्रवाहका गर्नका लागि स्थानीय तह र सरोकारवालाहरूलाई उत्तरदायी, पारदर्शी र जवाफदेही बनाई सुशासन कायम गर्नका लागि पहल गर्ने ।

**कार्य क्षेत्र:** बोगटान फुडसिल गाँउपालिका वडा नं. १, ४ र ७

**साझेदार संस्था:** समान पहुँच विकास केन्द (सिड), डोटी

**मुख्य उपलब्धीहरू**

- ८०० भन्दा बढी महिला, पुरुष तथा बालबालिकाहरू ३३ (२४ महिला समूहहरू, ३ वटा पुरुष समूह, ३ बालक्लब र ३ वटा किशोरकिशोरीहरू समूहहरू) वटा समूहमा संलग्न भई निरन्तर नागरिक शिक्षा छलफलमा सहभागी हुनुको साथै स्थानीय स्तरमा हुने विकास निमार्णका कार्यहरूमा सहभागि भएका छन् ।
- २४ वटै महिला समूहहरूले गाउँपालिकामा आबद्ध भई नियमित बैठक बस्ने, बचत तथा ऋण सञ्चालन गर्ने र कार्ययोजनाहरू बनाई कार्यान्वयन गर्ने गरेका छन् ।
- विद्यालयस्तरमा हुने अतिरिक्त क्रियाकलाहरूमा बाल सहभागिता बढ्नुका साथै बालक्लबहरूले आफ्नो कार्ययोजना बनाई सक्रिय रूपमा काम गरिरहेका छन् ।

## समुदायमा आधारित पुनर्स्थापना मार्फत समावेशी विकास परियोजना

**परियोजनाको लक्ष्य:** अन्य नागरिक झैं सुधारिएको गुणस्तरीय जीवनयापनका लागि अपाङ्गता भएका व्यक्ति तथा परिवारलाई सक्षम बनाउने ।

**कार्य क्षेत्र:** जोरायल गाँउपालिका वडा नं. १ देखि ४ सम्म

**साझेदार संस्था:** अपाङ्ग सेवा संघ, डोटी

**मुख्य उपलब्धीहरू**

- १९ जना अपाङ्गता भएका बालबालिकाहरूको चिकित्सकीय उपचार पश्चात् दैनिक क्रियाकलापहरू गर्ने अवस्थामा सुधार भई सामाजिक क्रियाकलापमा सहभागितामा बढेको छ ।
- ११ जना अपाङ्गता भएका व्यक्तिहरूलाई सहायक सामग्री जस्तै बैषाखी, सेतो छडी, ह्वील चियर, एल्बो क्रचेस सहयोग गरेपछि दैनिक क्रियाकलापहरूमा सहजता भएको छ ।
- ५० जना अपाङ्गता भएका विद्यार्थीहरूले शैक्षिक सामग्रीका साथै पोशाक सहयोग पाई पठनपाठनमा सहयोग पुगेको छ ।
- २३ जना अपाङ्गता भएका व्यक्तिहरू तथा अभिभावकहरूलाई आयआर्जनका तथा साना व्यवसाय (बाखापालन, कुखुरा पालन, खुद्रा पसल, सिलाईकटाई पसल) स्थापनाका लागि बिऊ पूँजी सहयोग गरिएको छ ।

## प्रमुख उपलब्धीहरू

- ७९ आय आर्जन
- १ विद्यालयमा अपाङ्गमैत्री ऱ्याम्प तथा शौचालय निर्माण
- ५० अपाङ्गता भएका बालबालिकालाई शैक्षिक सामग्री सहयोग
- २९ अपाङ्गता भएका व्यक्तिहरूलाई उपचार
- १ बालमैत्री कक्षा कोठा व्यवस्थापन
- ११ अपाङ्गता भएका व्यक्तिहरूलाई सहायता सामग्री

## बालबालिका उत्थानशील विकास परियोजना

**परियोजनाको लक्ष्य:** बालबालिका, युवा र वयस्कहरू लगायत महिला, आप्रवासी कामदार र कम भूमि भएका व्यक्तिहरूको उत्थानशील क्षमता अभिवृद्धि गर्ने ।

**कार्यक्षेत्र:** बोगटान फुडसिल गा.पा. वार्ड नं. २, ३, ५ र ६

**साझेदार संस्था:** समान पहुँच विकास केन्द्र (सिड) नेपाल डोटी

**मुख्य उपलब्धीहरू:**

- यो परियोजना २०७९ पुष १७ बाट शुरु भएको हुनाले गाउँपालिकास्तरीय अभिमुखीकरण तथा विस्तृत परियोजना कार्यन्वयन योजना निर्माण गरी हालसम्म समुदाय छनौट प्रक्रियाका आधारमा छनौट गरिएका टोल/वस्तीहरूमा ३२ वटा समूहहरू, १६ वटा बालक्लव/समूह र ४ वटा किशोरकिशोरी समूह गठन गरिएको छ । समूहमा जम्मा ७९१ (महिला-७१२ र पुरुष-७९) सहभागी भएका छन् भने बालक्लव र किशोरकिशोरी समूहमा जम्मा ४९८ (बालिका/किशोरीहरू-२१६ र बालक/किशोरहरू-२८२) बालबालिका तथा किशोरकिशोरी संलग्न भएका छन् ।
- परियोजना लक्षित वडाहरूमा कृषि व्यवसायका लागि सहक्षेत्र विश्लेषण गरी सम्भावित कृषि व्यवसायहरू पहिचान गरी प्राथमिकीकरण गरिएको छ । जसमा मसला बालीमा अदुवा, तरकारी बालीमा बन्दा र गोलभेंडा, फलफूल बालीमा सुन्तला र आरुवखडा तथा पशुपालनमा बाखापालन प्राथमिकतामा रहेका छन् ।

## बडीकेदार एकीकृत समुदाय रूपान्तरण परियोजना

**कार्यक्षेत्र:** बडीकेदार गाउँपालिका वडा नं. १,२, ३, ४ र ५

**साझेदार संस्था:** ग्रामिण समुदाय विकास केन्द्र, बडीकेदार

**परियोजनाको लक्ष्य:** रुपान्तरित बडीकेदार गाउँपालिकामा महिला, पुरुष, बालबालिका तथा अपाङ्गता भएका सबैलाई प्रशस्तताको जीवन ।

**मुख्य उपलब्धीहरू**

- जम्मा ५६ जना व्यक्तिहरूलाई व्यवसायिक तालिम प्रदान गरी व्यवसायका लागि आवश्यक सहयोग पश्चात् आयआर्जनमा वृद्धि भएको छ ।
- प्रदेश तथा स्थानीय तहसँगको सहकार्यमा ११०० मिटर लामो सिँचाई कुलो निर्माण सम्पन्न भई करिब ५ हेक्टर जमिन सिँचाई हुनुको साथै ५० घरधुरी लाभान्वित भएका छन् ।
- पानीको मुहान संरक्षणबाट १६ घरधुरीलाई खानेपानीको सहजता भएको छ । पहिले दुई घण्टा हिँडेर ल्याउनुपर्ने पानी अहिले आफ्नै घर आँगनमै सजिलैसँग उपलब्ध भईरहेको छ ।
- ८ जना स्वास्थ्यकर्मीहरूलाई प्रसुती तथा परिवार नियोजन सम्बन्धी तालिम प्रदान तथा स्वास्थ सामग्री हस्तारन्तरण गरी स्वास्थसेवामा सुधार ल्याउनमा सहयोग पुगेकोछ ।

## अपाङ्गता भएका व्यक्तिहरुको उपचार सहयोग कार्यक्रम

**कार्यक्षेत्र:** बोगटान फुडसिल गाउँपालिका

**साझेदार संस्था:** समान पहुँच विकास केन्द्र (सिड), नेपाल

**परियोजनाको लक्ष्य:** अपाङ्गता भएका बालबालिकाहरुको उपचार तथा पुनर्स्थापनामा सहयोग पुऱ्याउने ।

- अपाङ्गता भएका १० जना बालबालिकाहरुले (८ केटा र २ केटी) पुनर्स्थापनाका लागि उपचारमा सहयोग पाई उनीहरुको दैनिक क्रियाकलापहरुमा सहजता भएको छ ।
- अपाङ्गता भएका बालबालिकाहरुका परिवारका सदस्यहरुले चिकित्सकीय अभ्यास (फिजियो थेरापी) का सीपहरु सिक्नुका साथै सहायक सामग्रीहरुको प्रयोग सम्बन्धी तालिम प्राप्त गरी अपाङ्गता भएका बालबालिकाहरुको स्वास्थ्यमा सुधार ल्याउन महत्वपूर्ण भूमिका खेल्नुभएको छ ।






## व्यवसायमा निरन्तरता

– नरमाया कपड्याल

जोरायल गाउँपालिकाको सिलङ्गीवागमा सिलाईकटाई पसल सञ्चालन गर्दै आउनु भएकी ३७ बर्षकी नरमाया कपड्याल वडा नं. ४ को अपाङ्गता अधिकार प्रवर्धन समितिका सदस्य हुनुहुन्छ । सानै उमेरमा बोलाई तथा सुनाईमा समस्या देखिएकोले उपचारको लागि प्रयास गरे पनि निको भइनन् । शारीरिक रुपमा अपाङ्गता भएपछि उनले विभिन्न लाञ्छनाहरूको सामाना गर्नुपर्‍यो । उनले अपाङ्गता भएके व्यक्तिसँग विवाह पनि गर्नुभयो । घरको आर्थिक अवस्था कमजोर भएको र श्रीमान्को समेत आम्दानी नभएकोले उनले सिलाई कटाई सिकेर घरमै बसेर सामान्य मेसिनद्वारा सिलाईको काम गर्दै आईरहनु भएको थियो । उनले बजार क्षेत्रमा पसल सञ्चालन गरी आम्दानी वृद्धि गर्न चाहन्थिन् तर बजार क्षेत्रमा पसल सञ्चालन गर्न उनीसँग ज्ञानका साथै लगानीको अभाव थियो ।

जब अपाङ्ग सेवा संघ डोटी र यू.एम.एन.को साझेदारीमा सञ्चालित समुदायमा आधारीत पुनर्स्थापना परियोजना अन्तर्गत गठन भएको अपाङ्गता अधिकार प्रर्वधन समितिमा उहाँ आवद्ध हुनुभयो । उहाँ समितिको बैठकमा नियमित उपस्थित हनुभयो र आफ्नो व्यवसाय विस्तार गर्ने योजनाको विषयमा समूह बैठकमा प्रस्ताव राख्नुभयो । समितिले उनको समस्या देखेर संस्थाबाट आयआर्जनका लागि गरिने सहयोगमा उहाँलाई छनौट गरियो । उहाँले व्यवसाय सञ्चालन सम्बन्धी तालिम पाउनुका साथै व्यवसाय विस्तारका लागि रु. २०,००० आर्थिक सहयोग पनि प्राप्त गर्नुभयो । उक्त रकमबाट उहाँले कपडा सिलाउने मेसिनका साथै अन्य आवश्यक सामग्री समेत खरिद गरी जोरायल गाउँपालिकाको सिलङ्गीवागमा आफ्नै सिलाईकटाई पसल सञ्चालन गर्दै आईरहनु भएको छ ।

हाल आएर पसलबाट परिवार र घरको अन्य खर्च साथै बालबालिकाहरूको विद्यालयको खर्च व्यहोर्न सहयोग पुगेको छ र भविष्यको लागि केही रकम बचत गर्दै आउनु भएको छ । अहिले उहाँले चाहेको कुरा पुरा गर्न सक्ने हुनु भएको छ । समुदायमा आत्म सम्मानका साथ जीवन बाँच्ने आधार निर्माण भएको छ । यो सहयोगका लागि सहयोगी संस्थाहरूलाई धन्यवाद दिन चाहनुहुन्छ ।

## गतिविधि


सहायक सामग्री तथा अपाङ्ग मैत्री शौचालय सहयोग, जोरायल


समूह बैठक, बोगटान फुडसिल


बालमैत्री कक्षाकोठा व्यवस्थापन सहयोग, बडीकेदार



जिल्ला कोभिड व्यवस्थापन समितिलाई स्वास्थ्य तथा सुरक्षा सामग्री सहयोग

| नाम | पद |
|---|---|
| रमेश थिङ | क्लस्टर टीम लिडर |
| खडक बहादुर पौडेल | वित्तिय संयोजक |
| खेमराज भण्डारी | परियोजना व्यवस्थापक - सुशासन (सक्षम) |
| सुरेन्द्र बहादुर राई | परियोजना व्यवस्थापक - सुशासन (कर्ड) |
| सिपोरा महतो | परियोजना व्यवस्थापक - जीविकोपार्जन (बिआईसिटी) |
| लक्ष्मी अवस्थी | परियोजना व्यवस्थापक - जीविकोपार्जन (क्लाइमेट्स) |
| प्रकाश श्रेष्ठ | सवारी चालक |
| राजकुमार श्रेष्ठ | कार्यालय सहायक |

### साझेदार संस्थाहरू

ग्रामिण समुदाय विकास केन्द्र (आर.सी.डी.सी.)

समान पहुँच विकास केन्द्र (सिड) नेपाल

**यू.एम.एन. र यसका साझेदार संस्थाहरु र यसका कर्मचारीहरु प्रति कुनै सल्लाह सुझाव वा गुनासो भएमा हामीलाई भन्नुस् ।**

**हामीलाई सुझाव पेटिकामा सुझाव पत्र, ईमेल, कुराकानी वा फोन मध्ये कुनै पनि माध्यमबाट दिन सक्नुहुन्छ ।**
**यू.एम.एन. केन्द्रीय कार्यालय, पोष्ट बक्स नं. १२६, काठमाडौं, १६६००१२८११८ (नि:शुल्क फोन नं.)**
**९८४७३८७०३०, ९८६५९६०३६०**
**feedback@umn.org.np**
**feedback.dt@umn.org.np**
**www.umn.org.np/feedback**

यू.एम.एन. डोटी क्लष्टर | जोरायल गाउँपालिका-२, बुडर
फोन नं. ९४ ४१००५९ | doti@umn.org.np | www.umn.org.np